# स्वच्छ प्रतिस्पर्धा

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

त्रैमासिक समाचारपत्र
वर्ष ३, अंक २, साउन-असोज २०६३

प्रतिस्पर्धा संस्कारः स्वच्छ व्यापार र उपभोक्ता संरक्षणको आधार



# कमजोर प्रतिस्पर्धा विधेयक

**प्रस्तावित विधेयकमा व्यवस्थित बोर्ड पूर्ण सरकारी र अधिकारविहिन भएकोले यस्तो बोर्डले ऐनको प्रभावकारी कार्यान्वयन गरी बजारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्न सक्षम हुन्छ भन्ने कुरामा विश्वस्त हुन सकिंदैन।**

नेपालमा सन् १९९० मा आर्थिक उदारीकरण नीति अवलम्बन गरिएपछि विभिन्न क्षेत्रमा निजी कम्पनीहरूको प्रवेश भयो र सरकारी एकाधिकार घट्न थाल्यो। यस्तो अवस्थामा उपभोक्ताले प्रतिस्पर्धाको उपलब्धि हासिल हुने अपेक्षा गरे पनि स्वच्छ प्रतिस्पर्धा सुनिश्चित गर्न आवश्यक कानूनी संयन्त्र निर्माण गर्नेतर्फ सरकारले तदारुकता देखाएन, जसले प्रतिस्पर्धाको प्रतिफल आमजनतासम्म पुग्न सकेन। खुला बजार अर्थ-व्यवस्थामा देखिनै नहुने गैर-प्रतिस्पर्धात्मक क्रियाकलाप खुलेआम सञ्चालन भइरहँदा पनि त्यसलाई नियन्त्रण गरी उद्यमी तथा उपभोक्ताको अधिकार सुरक्षित गर्ने दायित्वतर्फ सरकार कहिल्यै गम्भीर भएन। तथापि यो संयन्त्र अत्यावश्यक छ भन्ने यथार्थताको बोध सरकारलाई छ भन्ने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पटकपटक कानून ल्याउने प्रतिबद्धता व्यक्त गरेबाट देखियो।

सकारात्मक संकेतका रुपमा निर्धारित समयभन्दा झन्डै दुई वर्ष ढिलै भए पनि वर्तमान सरकारले 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' संसद्मा प्रस्तुत भने गरेको छ। लोकतन्त्र बहालीपछि ल्याउन लागिएको यो विधेयक प्रगतिशील र अन्तर्राष्ट्रिय रुपमा सर्वस्वीकार्य प्रतिस्पर्धाको मान्यताबमोजिम हुने कुरामा सबै विश्वस्त थिए। तर ठीक यसको विपरीत यो विधेयकमा निरंकुशता र स्वेच्छाचारितालाई प्रोत्साहित गर्ने प्रावधानहरू रहेबाट यसले बजारमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोग पुऱ्याउने देखिँदैन।

अन्य धेरै कमी-कमजोरीका साथै प्रभावकारी कार्यान्वयन संयन्त्रको व्यवस्था नगरिनु यो विधेयकको सबैभन्दा ठूलो कमजोरी हो। कार्यान्वयनका नाममा 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण बोर्ड' गठनको प्रावधान राखिए पनि यो पूर्णरुपेण सरकारी नियन्त्रणमा रहेकाले यसले निष्पक्ष र स्वतन्त्र भई कार्य गर्न सक्ने सम्भावना न्यून छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव अध्यक्ष रहने सो बोर्डमा दुईजना सरकारी अधिकारी र एकजना सरकारद्वारा मनोनित सदस्य छन्। बोर्डमा उद्योग वाणिज्य क्षेत्रबाट स्वतन्त्र प्रतिनिधिका रुपमा एकजना परेको छ तर उपभोक्ताको प्रतिनिधित्वलाई स्थान दिइएको छैन।




यो बोर्डको काम, कर्त्तव्य र अधिकारमा सरकारलाई सुझाव दिने, जनचेतना फैलाउने, समन्वय र बजार अनुसन्धान गर्नेजस्ता कार्य मात्र परेका छन्। यसलाई कुनै पनि किसिमको अर्ध-न्यायिक अधिकार प्रदान नगरिएबाट सरकारले यो बोर्डलाई केवल सल्लाहकारको रुपमा सीमित गर्न खोजेको देखिन्छ। अधिकारविहीन, सरकारी प्रतिनिधिको बहुमत र सरोकारवालाहरूको संलग्नता नभएको यस्तो बोर्डले ऐनको प्रस्तावनामा उल्लेख भएजस्तो 'स्वच्छ प्रतिस्पर्धा कायम गर्ने दिशामा मार्गप्रशस्त' गर्नसक्ने देखिँदैन।

विधेयकले क्षतिपूर्तिको सोचलाई आत्मसात् गरिएको भएता पनि विधेयकमा प्रयोग भएको अस्पष्ट भाषाले क्षतिपूर्ति लिनका लागि कसूरदार ठहरिनुपर्ने र मुद्दाको अन्तिम टुंगो लाग्नुपर्ने हो कि भन्ने जस्तो देखिन्छ। यदि मुद्दाको फैसला भएपछि मात्र क्षतिपूर्ति दिने विधेयकको मनसाय होइन र प्रारम्भिक अनुसन्धानकै आधारमा क्षतिपूर्ति दिने हो भने त्यो कुरालाई विधेयकमा प्रष्ट हुने गरी उल्लेख गरिनु पर्ने थियो।

विधेयकले प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण अधिकृत तोक्ने व्यवस्था गरेको छ, जसले अनुसन्धान गरी आवश्यक देखेमा तोकिएको अदालतमा मुद्दा दायर गर्छ। मुद्दा दायरीका सम्बन्धमा पनि बोर्डलाई कुनै प्रकारको भूमिका दिइएको छैन। यसका अतिरिक्त यो विधेयकले अदालतले गरेको फैसला चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्ने सम्बन्धमा पनि केही प्रावधान राखेको छैन।

प्रक्रियागत रुपमा धेरै कमी-कमजोरी हुनुका साथै कार्यान्वयन संयन्त्र अत्यन्तै फितलो र पूर्ण सरकारी स्वामित्वमा राखिएकाले यही स्वरुपमा विधेयक पारित भए यसले बजारमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोग नगर्ने तर्क राख्दै विभिन्न सांसदहरूले प्रस्तुत विधेयकमा संशोधन प्रस्ताव दर्ता गरेका छन्। उनीहरूले अर्ध-न्यायिक अधिकारप्राप्त पूर्णकालीन अध्यक्ष तथा सदस्यहरू रहने एउटा स्वतन्त्र र निष्पक्ष बोर्डको गठन, जसमा उद्योग, वाणिज्य क्षेत्रका विशेषज्ञ, सम्बन्धित विषयमा ज्ञान भएका र सरोकारवालाहरूलाई सदस्य राख्नुपर्ने कुरा प्रस्तावित गरेका छन्।

प्रस्तुत विधेयकमा थुप्रै कमी-कमजोरीहरू छन्। अर्थहिन कानून ल्याएर पछि पछुतो गर्नुभन्दा समयमै सचेत भई काम गर्नु बढी बुद्धिमानी हुन्छ। यसका लागि संसदीय समितिले दक्षिण एसियाका अन्य मुलुक, खासगरी भारतमा भएको व्यवस्थाको अध्ययन गर्ने र यस क्षेत्रमा कार्यरत प्रतिस्पर्धा विषयका विज्ञलगायत सरोकारवालासँग छलफल गरी कानून ल्याउनेतर्फ सोचेमा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनमा यो कानून कोशेढुंगा साबित हुनसक्नेछ। यस्तो नभई अहिलेकै स्थितिमा कानून ल्याइए, यसबाट नेपालमा पनि प्रतिस्पर्धा कानून छ भन्नुका अतिरिक्त अरू केही उपलब्धि हुने छैन। ■

## यसभित्र


समाचार सार २-३
अर्थमन्त्रीलाई खुलापत्र ४
छुट्टै प्रतिस्पर्धा कानून चाहिन्छ– राजेन्द्र खेतान ५
भारतमा प्रतिस्पर्धासम्बन्धी नयाँ कानून ६
संस्था गतिविधि ७
प्रभावकारी कानूनको खाँचो ८

# निगमद्वारा बजार अनुगमन

**नेपाल** आयल निगम, पेट्रोलियम पदार्थहरूको कारोबारमा अर्ध-न्यायिक अधिकारप्राप्त नियमन निकायको भूमिका निर्वाह गर्दै आएको छ। इन्धनको गुणस्तर, मूल्य तथा आपूर्ति सुनिश्चित गर्नु मात्र नभएर स्वच्छ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नु पनि सो निकायको दायित्व हो। यसै क्रममा पेट्रोलियम पदार्थमा मिसावट व्यापक बढेको समाचार प्रकाशित भएपछि निगमले मिसावट नियन्त्रण गर्न बजार अनुगमन अभियानमा सक्रियता देखाएको छ।




पेट्रोलियम मिसावटविरुद्धको अभियानमा बजार अनुगमनका लागि निगमले निगम, डिलर एशोसिएसन तथा उपभोक्ता समेतका २/२ प्रतिनिधि समावेश भएको एउटा टोली गठन गरिएको छ। यो टोलीले राजधानीका झन्डै आधा दर्जन पम्पमा हालै आकस्मिक निरीक्षण गरेको थियो। निरीक्षणका क्रममा कुनै पनि पम्पमा खराबी नदेखिएको निगमले जनाएको छ।

उपभोक्तालाई मिसावटको शंका लागे सिधै निगमको कार्यालयमा सम्पर्क गरी सूचना दिन सकिने व्यवस्था पनि गरिएको छ। त्यसअनुसार काठमाडौंको बबरमहलस्थित निगमको प्रधान कार्यालयमा उपभोक्ताले सिधै आएर वा टेलिफोन मार्फत मिसावटसम्बन्धी सूचना दिन सक्ने व्यवस्था निगमले मिलाएको जनाएको छ। राजधानी बाहिरका उपभोक्ताले पनि सम्बन्धित क्षेत्रीय कार्यालय वा डिपो प्रमुखको क्वार्टरमा समेत सिधै फोन गर्न सक्ने छन्। यो कार्यलाई तिव्रता दिन क्षेत्रीय कार्यालयलाई पनि बजार अनुगमनमा परिचालन गरिएको छ।

प्रभावकारी बजार अनुगमनको अभावमा पेट्रोलमा मिसावट गर्नेहरू प्रोत्साहित हुदै आएका छन्। मिसावटयुक्त इन्धनका कारण सवारी साधनहरूको मर्मत खर्च बढ्ने गरेको अनुभव सवारी चालकहरूको छ।

निगमको डिपोभित्रै पनि मिसावट हुन सक्ने भएकाले खुद्रास्तरमा मात्र अनुगमन गरेर पुग्दैन भन्ने कुरालाई महसूस गरेर निगम र डिलर्स दुवै पक्षको सहमतिअनुसार संयुक्त अनुगमन टोलीले निजी विक्रेताका पम्प र आयल निगमको डिपोमा एकसाथ अनुगमन गर्ने निर्णय गरेको छ।

निगमको गुणस्तर नियमावली २०५९ अनुसार हरेक क्षेत्रीय कार्यालयले आफू मातहतका पम्पको गुणस्तर महिनामा एकचोटी परीक्षण गर्नुपर्छ। ती कार्यालयले बजार अनुगमन गरी केन्द्रमा प्रतिवेदन पठाउनुपर्ने र केन्द्रीय कार्यालयले पनि नियमित रुपमा आकस्मिक निरीक्षण गर्नुपर्ने प्रावधान नियमावलीमा रहेको छ।

बजार अनुगमन गरी पेट्रोलियम पदार्थको गुणस्तर परीक्षण गर्ने कार्य नेपाल आयल निगम र वाणिज्य विभागले गर्न सक्ने भएतापनि मिसावट गर्ने पम्पलाई तत्काल कारबाही गरी स्थलगतरुपमा नै जरिवाना तिराउन सक्ने अधिकार भने निगमलाई मात्र छ। ■

## एयरलाइन्सहरूले मिलेमतोमा मूल्य निर्धारण गरेको आरोप

**कुनै पनि व्यापारमा संलग्न व्यापारीहरु एक आपसमा मिलेर मूल्य निर्धारण गर्छन् भने त्यसलाई गैरप्रतिस्पर्धात्मक गतिविधि मानिन्छ। यस्तो व्यापारिक गठबन्धनबाट मूल्य निर्धारणको सहमति भयो र कुनै पनि पक्षले तोकिएको मूल्यभन्दा कममा व्यापार नगर्ने निर्णय**



**गऱ्यो भने बजारमा सो गठबन्धनको एकाधिकार कायम भएको मान्न सकिन्छ।**

**यसै क्रममा बेलायत तथा अमेरिकी प्रतिस्पर्धा आयोगले ब्रिटिश एयरवेज लगायत भर्जिन एटलान्टिक, यूनाइटेड एयरलाइन्स तथा अमेरिकन एयरलाइन्सलाई दूरासयपूर्णमूल्य निर्धारणको आरोप लगाएको छ। ग्राहक मूल्य तथा इन्धन अतिरिक्त मूल्य निर्धारण गर्ने क्रममा यी एयरलाइन्सहरूले समझदारी कायम गरी मूल्य निर्धारण गरेको आशंकामा आयोगले अनुसन्धान शुरु गरेको छ।**

यस सम्बन्धमा अफिस अफ फेयर ट्रेडिङ र यू एस डिपार्टमेन्ट अफ जस्टिसले प्रतिस्पर्धा कानून विपरित काम भएको भनी अहिले नै अनुमान गरिहाल्नु नहुने र अनुसन्धान पूरा नहुञ्जेल यस सम्वन्धमा टिप्पणी पनि नगर्ने बताएका छन्। ■

## विमानस्थल र बजार बन्द

# कार्गो ढुवानीमा एकद्वार प्रणालीको विरोध

**कर्णालीमा** चार निजी विमान कम्पनीहरूले कार्गो ढुवानीमा एकद्वार प्रणाली लागू गरेकामा स्थानीय व्यापारीहरूले विरोध जनाएका छन्। कर्णालीका ९ वटै उद्योग वाणिज्य संघहरू सिन्डिकेट प्रणालीको खारेजी, उडानमा वृद्धि, विद्यार्थी र असहायका लागि सहुलियत टिकटलगायतका माग राख्दै चरणवद्ध रुपमा आन्दोलनमा उत्रिएका छन्। आन्दोलनको क्रममा निजी विमान कम्पनीका जहाजहरूलाई विमानस्थलमा अवतरण गर्न दिइएको थिएन।



सिन्डिकेट प्रणाली लागू भएपछि कर्णालीका विकट जिल्लामा दैनिक उपभोग्य वस्तुको बजार मूल्य बढेको छ। कार्गो ढुवानीमा पनि एकद्वार प्रणाली नहटेको भन्दै व्यापारी एवं उपभोक्ता, सात दल, नागरिक समाज, गैसस महासंघ, पत्रकार महासंघ र विद्यार्थीहरू आन्दोलनमा उत्रिएका थिए।

१० वर्षअघि निजी हवाई कम्पनीले प्रतिस्पर्धाद्वारा कम मूल्यमा कार्गो ढुवानी गर्दै आएकोमा एकद्वार प्रणाली लागू गरिएपछि यो प्रतिस्पर्धा बन्द भएको थियो। यसअघि विभिन्न एयरलाइन्सले सुर्खेतदेखि जुम्लासम्म सामान ढुवानी गर्न प्रतिकेजी २४ देखि २६ रुपैयाँ र नेपालगन्जदेखि जुम्लासम्म प्रतिकेजी ३६ देखि ३८ रुपैयाँ भाडा लिँदै आएका थिए। हाल एकद्वार प्रणालीका कारण तिनले मनपरी ढंगले तीनगुनासम्म भाडा लिने गरेको गुनासो उपभोक्ताको गुनासो छ। सडकले नछोएको एकमात्र अञ्चल कर्णालीमा कार्गो ढुवानी गर्दै आएका यती एयर, सीता एयर, ड्रागन एयर, अग्नी एयरले आफ्ना मागहरूप्रति चासो नदेखाएपछि उपभोक्ता तथा जुम्ला उवासंघले आन्दोलनका चरणवद्ध कार्यक्रमअन्तर्गत विमानस्थलमा रहेका निजी विमान कम्पनीका काउन्टरमा तालाबन्दी समेत गरेका थिए। ■

# दूधको मूल्य बढेन, किसानले बिक्री रोक्ने




**सरकारले** केही समय अघि गरेको दूधको मूल्यवृद्धिको निर्णयप्रति असन्तोष जनाउदै प्रतिलिटर दूधको खरिद मूल्यमा दुई रुपैयाँ वृद्धि गरेर किसानको समस्या समाधान नहुने जिकिर गर्दै चितवनका किसान आन्दोलित भएका छन्। असार १ गतेबाट नयाँ मूल्यअनुसार दूधको कारोबार हुने निर्णय भएको भए पनि बढ्दो महंगी अनुरुप मूल्य वृद्धि हुन नसकेको भन्दै उनीहरूले आन्दोलनको कार्यक्रम अघि बढाएका हुन्।

यस क्रममा काठमाडौंमा हुने दूध आपूर्ति बन्द गर्ने उनीहरूको कार्यक्रम रहेको छ। काठमाडौंमा खपत हुनेमध्ये झन्डै आधा दूध चितवनबाटै आपूर्ति हुँदै आएको छ। कुनै बेला 'मिल्क होलिडे' को विरोधमा आन्दोलन गर्ने किसानले दूध नै बिक्री नगरी आफ्ना असन्तोष व्यक्त गर्ने यो शैली सम्भवत: नयाँ हो। दूध व्यवसायीहरूको संस्था जिल्ला दूध उत्पादक सहकारी संघ चितवनले पत्रकार सम्मेलन मार्फत् हाल कायम रहेको मूल्यमा ४० प्रतिशत वृद्धि नभएसम्म आन्दोलन नरोक्ने घोषणा गरेका छन्। हाल पेट्रोलियम पदार्थ, बिजुली, ढुवानी भाडालगायत सम्पूर्ण उपभोग्य वस्तुको मूल्यवृद्धि हुँदा पनि सरकारले गरिब किसानको जीविकोपार्जनसँग जोडिएको दूधमा भने अत्यन्त न्यून मूल्य कायम गर्दै आएको संघको गुनासो छ। यसअघि दूधको मूल्यलाई लिएर मुलुकभरका किसानले आन्दोलन गर्ने चेतावनी दिएपछि राष्ट्रिय दुग्ध विकास बोर्ड, कृषि मन्त्रालय, दुग्ध विकास संस्थान, नेपाल डेरी एसोसिएसन, केन्द्रीय दुग्ध उत्पादन सहकारी संघ र उपभोक्ता मञ्चको संयुक्त बैठकले दूधको नयाँ मूल्य निर्धारण गरेको थियो। तर, यो मूल्यवृद्धिमा किसानले सहमति जनाएनन्। यो लागतभन्दा कम भएकाले घाटा खाएर दूध बिक्री गर्न नसक्ने निष्कर्षमा उनीहरू पुगेका छन्।

चितवनमा २२ हजार किसान दूध व्यवसायमा संलग्न छन्। ५० हजार गाई भैंसीबाट दैनिक एक लाख २० हजार लिटरभन्दा बढी दूध उत्पादन हुने गर्दछ। यसमा करीब एक लाख लिटर दूध काठमाडौंमा मात्रै खपत हुने गरेको छ। ■

# प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि

**राजनीतिक** अस्थिरता र लगानीको खस्कँदो वातावरणमा पनि चालू आर्थिक वर्षको पहिलो ११ महिनामा प्रत्यक्ष वैदेशिक लगानी झन्डै १५ प्रतिशतले बढेको छ। उद्योग विभागका अनुसार गत वर्ष यसै अवधिमा १ अर्ब ५९ करोड रुपैया बराबरको वैदेशिक लगानीका परियोजना स्वीकृत भएका थिए भने यस वर्षको जेठ मसान्तसम्ममा १ अर्ब ८२ करोड रुपैयाँको वैदेशिक लगानीका परियोजना स्वीकृत भइसकेका छन्। यसैगरी संख्याको हिसाबबाट हेर्दा पनि गत वर्षको तुलनामा यस वर्ष उल्लेख्य सुधार आएको छ। गत वर्ष ११ महिनामा ५८ परियोजना स्वीकृत भएकोमा यस वर्ष यो संख्या अहिले नै १ सय ४ पुगेको छ।

लगानीमा संख्यात्मक हिसाबले पहिलो स्थानमा सेवामूलक उद्योग रहेका छन् जसमा ३८ परियोजना स्वीकृत भएका थिए। त्यस्तै दोस्रो स्थानमा पर्यटन क्षेत्र छ जसमा ३२ परियोजना स्वीकृत भएका छन्। यसैगरी उत्पादनशील क्षेत्रमा २९, ऊर्जातर्फ ३ र निर्माणमा २ वटा परियोजनाले अनुमति पाएका छन्। गत वर्ष पनि यस अवधिमा सेवामूलक क्षेत्र अग्रस्थानमा थियो भने दोस्रो र तेस्रो स्थानमा क्रमश: उत्पादनशील र पर्यटन क्षेत्र थिए। त्यसैगरी परियोजनाको क्षेत्रगत वर्गीकरण अनुसार उत्पादनशील क्षेत्रमा सबभन्दा बढी ९० करोड रुपैयाँ, दोस्रो स्थानको सेवामूलक उद्योगमा ६० करोड ५० लाख र तेस्रो स्थानमा ऊर्जाजन्य क्षेत्रका लागि १५ करोड ६० लाख रुपैया लगानीको प्रतिबद्धतासहितका परियोजना स्वीकृत भएका छन्। त्यस्तै पर्यटन क्षेत्रमा १३ करोड ८२ लाख र निर्माणतर्फ २ करोड ८२ लाख रुपैयाँको लगानी स्वीकृत भएको छ। गत वर्ष पनि यस अवधिमा उत्पादनशील क्षेत्रकै अग्रता थियो भने सेवामूलक क्षेत्र दोस्रो र निर्माण तेस्रोमा परेको थियो।

गत वर्ष २० मुलुकले लगानीको अनुमति पाएकोमा यस वर्ष यो संख्या २४ पुगेको छ। विगतमाझैं समीक्षा अवधिमा पनि सबैभन्दा ठूलो लगानीकर्तामा भारत अग्रस्थानमा रहेको छ। उक्त मुलुकका २९ वटा परियोजनाहरूले ८२ करोड ७३ लाख रुपैयाँ लगानीको अनुमति पाएका छन्। लगानी मूल्यको दृष्टिकोणबाट समेत यस वर्ष पनि भारत नै पहिलो स्थानमा रहेको छ। तर गत वर्षको १ अर्ब १६ करोड रुपैयाँ लगानीको तुलनामा यो वर्ष भारतीय लगानीमा झण्डै ३४ करोड रुपैयाले कमी आएको छ। दोस्रो स्थानमा ७ परियोजनाका लागि ४१ करोड ३५ लाख रुपैयाँ लगानीको प्रतिबद्धता व्यक्त गर्ने अमेरिका र तेस्रो स्थानमा रहेको चीनले १७ परियोजनाका लागि १५ करोड ७४ लाख लगानी गर्ने प्रतिवद्धता जनाएको छ।

विभागका अनुसार अनुमति प्राप्त गरी लगानीका लागि प्रतिवद्धता जनाउने अन्य राष्ट्रहरूमा अस्ट्रेलिया १३ करोड १० लाख, फ्रान्स ७ करोड ४० लाख, मलेसिया ६ करोड, जर्मनी २ करोड ७५ लाख, जापान २ करोड ५४ लाख र बेलायत २ करोड ५१ लाख रहेका छन्। ■

# भियतनामको टेलिकम क्षेत्रमा प्रतिस्पर्धा



**इलेक्ट्रिसिटी** कर्पोरेशन भियतनाम र हनोई टेलिकमको प्रवेशसँगै भियतनामको टेलिकम क्षेत्रमा प्रतिस्पर्धाको नयाँ आयाम थपिएको छ। यसबाट टेलिफोन शुल्क घट्ने कुरामा उपभोक्ताहरू विश्वस्त छन्। यसका साथै ग्राहकहरू बढ्ने र सेवाको स्तरमा पनि वृद्धि हुने पनि आशा गरिएको छ। विशेषज्ञहरूको भनाइ अनुसार सन् २००६ मा मोबाइल फोनको उपभोक्ताहरू १ करोडको हाराहारीमा पुग्ने अनुमान गरिएको छ।

अघिल्लो वर्ष मोवाइल फोन कम्पनीहरूको होडबाजीले उपभोक्ताहरूले नेटवर्क नलाग्ने, कनेक्सन नहुने जस्ता समस्याहरू भोग्नु परेको थियो। तर अहिले सरकारले गुणस्तर र सेवाको स्तरलाई कडाईका साथ नियन्त्रण गर्ने भएको छ। यी कम्पनीहरूले नेटवर्क तथा गुणस्तरका बारे मन्त्रीलाई विवरण बुझाउनु पर्नेछ। तोकिएको सेवास्तर भन्दा तल गएर सेवा प्रदान गरेमा सो कम्पनीलाई जरिवाना गरिनेछ। ■

*यसमा प्रकाशित समाचारहरू विभिन्न पत्रपत्रिकाका सामग्रीहरूमा आधारित छन्।*

# अर्थमन्त्रीलाई खुला पत्र

**माननीय डाक्टर रामशरण महतज्यू**
**अर्थमन्त्री, नेपाल सरकार**
**सिंहदरबार, काठमाडौं**

गत असार २८ गते आर्थिक वर्ष २०६३/०६४ का लागि तपाईले प्रस्तुत गर्नुभएको बजेट भाषण सुन्ने मौका पाए। प्रतिस्पर्धात्मक वातावरणमा हुर्कन थालेका विभिन्न सञ्चारमाध्यमहरूले प्रत्यक्ष प्रसारण गरेको तपाईको बजेटलाई मैले व्यक्तिगतरुपमा महत्वाकांक्षी योजनाकारुपमा लिएको छु। महत्वाकांक्षा विकासको प्रमुख आवश्यकता हो तर परम्परागत ढंगबाट चलिरहेको आर्थिक प्रणालीभित्र विकासका यी ठूला ठूला सपनाहरूलाई व्यवहारिक साँचोमा नढालेसम्म द्रुत विकास सम्भव छैन।बजेट भाषणको दुई दिनसम्म प्राय हरेक मिडियामा त्यसका सकारात्मक र नकारात्मक पक्ष, आलोचना, समालोचनाहरू राम्ररी सुन्न, हेर्न र पढ्न पाइयो। तपाईले त्यतिखेर सोच्नु भयो होला, यदि सरकारी संचार माध्यममात्र मुलुकमा रहेका भए बजेट भाषणको विश्लेषण र चिरफार सरकारी सोचाईबाटमात्र बाहिर आउथ्यो होला। यसरी प्रतिस्पर्धात्मक वातावरणका लागी पत्रकारहरूले महत्वपूर्ण भूमिका खेलेको देख्दा आफू पत्रकार भएकोमा गर्व गरें। असार २८ को दिन एउटा विचित्र संयोगको पनि दिन थियो। नेपालमा बजेट भाषणको तयारी हुँदा सात समुद्रपारीको शक्तिशाली निकाय यूरोपेली आयोगले संसारमै सबैभन्दा बढी रकम कमाउने कम्प्यूटर कम्पनी माइक्रोसफ्टमाथि कारवाहीको तयारी गरिरहेको थियो। मलाई थाहा छैन तपाईले आवश्यकता महसूस गरेर हो वा नगरिकन हो बजेट भाषणको १२८ नम्बर बुँदा अन्तर्गत निजीक्षेत्रको विकास र औद्योगिक पूनरुत्थान शिर्षकमा 'उद्योग एवं व्यापार क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न तथा लगानीमा आइपर्ने जोखिम कम गर्न निजी क्षेत्रको समेत सहभागितामा मौजुदा औद्योगिक नीति, विदेशी लगानी नीति र वाणिज्य नीति परिमार्जनको कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने र औद्योगिक क्षेत्रमा देखिएको एकाधिकार र अस्वच्छ प्रतिस्पर्धालाई अन्त्य गर्न २०६३ मंसीरभित्र प्रतिस्पर्धा कानून जारी गर्ने कुरा उल्लेख गर्नुभयो। त्यसैदिन यूरोपेली यूनियनका प्रतिस्पर्धा सम्बन्धी आयोगकी प्रमुख नीली क्रोजले माइक्रोसफ्टले गैर-प्रतिस्पर्धात्मक व्यवहार गरेको ठहर गरी ३५ करोड ७० लाख डलर जरिवाना गर्ने निर्णय गरेर कुनै कम्पनी पनि कानूनभन्दा माथि नहुने कुरा प्रष्ट पारेकी छिन्। तपाईको बजेट भाषण र नीली क्रोजको निर्णयमा सर्सती हेर्दा सामञ्जस्यता पाइदैन। तर जतिवेला तपाई प्रतिस्पर्धा कानून ल्याउछु भन्दै हुनुहुन्थ्यो त्यहीबेला संसारमा आर्थिक पद्धतिले कुन उचाई छुन खोजिरहेको छ भन्ने चाही प्रष्ट हुन्थ्यो। माइक्रोसफ्ट अमेरीकी नागरिक बिल गेट्सको कम्पनी हो। उनी संसारको सबैभन्दा धनी व्यक्ति हुन् र माइक्रोसफ्टको प्रभाव र पहुँचसँग अन्य कम्पनीको तुलना गर्न सकिंदैन। तर नीली क्रोजको निर्णयले स्पष्ट पारेको छ, कि अस्वच्छ प्रतिस्पर्धा गर्ने कुनै पनि कम्पनी बजारमा टिक्दैन। यूरोपियन आयोगको स्वायतता, स्वतन्त्रताले पक्कै पनि यस निर्णय लिनमा ठूलो सहयोग पुऱ्याएको होला।



प्रतिस्पर्धा कानून ल्याउँछु भनेर तपाईले व्यक्त गर्नुभएको प्रतिवद्धता कुनै नौलो थिएन। किनभने यसअघिका पनि दुईजना अर्थमन्त्रीहरू, डाक्टर प्रकाशचन्द्र लोहनी र भरतमोहन अधिकारीले पनि बजेट भाषण मार्फत् निश्चित् समयमा सो कानून ल्याउने प्रतिवद्धता गर्नुभएको थियो। त्यसैले अर्थमन्त्रीकारुपमा तपाईले गर्नुभएको प्रतिवद्धताले ममा कुनै उत्साह भने ल्याएन। तर तपाई जनताको बलबाट पुनर्स्थापित सरकारको सर्वाधिकार सम्पन्न मन्त्रीपरिषदको वरिष्ठ सदस्य हुनुहुन्छ। सैद्धान्तिकरुपमा प्रतिपक्षी विहिन संसदमा तपाईले देशको दिगो आर्थिक उन्नतिलाई विचार गरेर उपयुक्त प्रतिस्पर्धा कानून ल्याउने क्षमता पनि राख्नुहुन्छ।

माननीय अर्थमन्त्रीज्यू, म यहाँ समक्ष अर्को एउटा महत्वपूर्ण कुरा राख्न चाहन्छु। प्रतिस्पर्धा कानून ल्याउनु ठूलो कुरा हैन। तर कानूनको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नु मूल कुरा हो। नभए कानून आउनु र नआउनुवीच केही फरक हुँदैन। उद्योग विकासका लागि थुप्रै नीति तथा कानून भएता पनि उद्योगीहरू ती कानून अपुग भयो भनिरहेका छन्। उपभोक्ता हकहितका लागि पनि नीति र कानून पनि अव्यवहारिक र अपुग भएको उपभोक्ताहरूकै गुनासो छ। सहकारी क्षेत्रमा लागेकाहरू राज्यको संरक्षण खोजिरहेका छन्। साना तथा घरेलु उद्योग व्यवसायीहरू विशिष्ट व्यवहारको खाँचो महसूस गरिरहेका छन्। यी सबै पृष्ठभूमिकाबीच तपाईको मुखारविन्दबाट प्रतिस्पर्धा कानूनले सबै पक्षको भावनालाई समेट्न सक्छ कि सक्दैन, त्यो तपाईले नै विचार गर्नुपर्छ। तर प्रतिस्पर्धा कानून ल्याउँदा तपाईले पक्कै पनि दीर्घकालीन आर्थिक लाभ, उद्योग र सेवा क्षेत्रको संस्थागत विकास, अन्तर्राष्ट्रिय व्यापार नीति र नियमसँगको समायोजन अनि उपभोक्ता र स्वच्छ प्रतिस्पर्धामा आस्था राख्ने व्यवसायीहरूको समुचित हितलाई भने विचार गर्नुहुन्छ होला भन्ने अपेक्षा राखेको छु।

प्रतिस्पर्धा कानून सम्बन्धित देशको आर्थिक आवश्यकता र विकासको सही मार्गचित्रका लागि निर्माण गरिएको हुन्छ। विकासका मुद्दाहरूलाई नबिर्सने हो भने सहकारी र साना उद्योगलाई प्रतिस्पर्धा कानूनको दायरामा राख्दा प्रतिकूल अवस्था सिर्जना हुन सक्छ। अहिले संसद बाहिर र भित्र आफ्नो अधिकारका लागि ठूलो आन्दोलन भइरहेको छ। प्राय: सबै क्षेत्रहरू संगठित लडाईंको अभियानमा जुटेका छन्। तर असंगठित उपभोक्ताहरूको जमात अझै पनि लडाईंमा जुट्न नसकेर चुपचाप अन्याय सही रहेको छ। त्यसैले मलाई आशा छ, तपाईले ल्याउने तयारी गर्नुभएको प्रतिस्पर्धा कानूनको मूल उद्देश्य उपभोक्ताको हित सुनिश्चित गर्ने नै हुनेछ।

केही समयअघि रुपन्देही र बाराका उद्योगी व्यवसायीले सिण्डिकेट रोक्नुपऱ्यो भनेर प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाए। अरनिको राजमार्गमा लामो समयदेखि सार्वजनिक यातायात व्यावसायिक गुटबन्दीको पञ्जामा छ। कानूनले रोक लगाएता पनि यस्ता गैर-प्रतिस्पर्धी अभ्यासहरू हाम्रा वर्तमान यथार्थ हुन्। यसलाई लक्षित गरी ल्याइएको नीति तथा कानूनहरू त्यसै थन्किएका छन्। जब कार्यान्वयन गर्ने जिम्मा सीमित श्रोत र साधन भएका सरकारी कार्यालयलाई छाडिन्छ तब कानूनले प्रभावकारिता देखाउन सक्दैन।

विश्व व्यापार संगठनमा प्रवेशपछि आफूलाई प्रतिस्पर्धी बनाउने र प्रतिस्पर्धात्मक संस्कारको विकास गराउने दुई प्रमुख चुनौती हाम्रा सामुन्ने छन्। यसको लागि एकातिर प्रतिस्पर्धा कानून आवश्यक छ भने अर्कोतर्फ एक स्वतन्त्र प्रतिस्पर्धा आयोगको स्थापना गर्नु पनि जरुरी छ। अनि मात्र अस्वच्छ प्रतिस्पर्धा रोकेर विकासको लाभ तल्लो तहसम्म पुऱ्याउन सकिन्छ। स्वायत्त आयोगलाई छानबिन र दण्डसम्मको प्रारम्भिक अधिकार पनि सुनिश्चित गरिनु पर्छ।

माननीय अर्थमन्त्रीज्यू, प्रतिस्पर्धा नीति तथा कानून वस्तु तथा सेवाको पर्याप्त आपूर्ति र छनौटको अधिकतम अवसरमा मात्र सीमित गरिनु हुदैन। उत्पादन वृद्धि, वितरण कुशलता, कम लागतमा गुणस्तरयुक्त वस्तुहरूको उत्पादन, नयाँ वस्तु वा सेवाका लागि अध्ययन र अनुसन्धानमा प्राथमिकता जस्ता कुरा पनि कानून ल्याउँदा विचार गर्नुहुन्छ होला भन्ने विश्वास गरेको छु।

**– सञ्जीव अधिकारी**
**आर्थिक पत्रकार रेडियो सगरमाथा**

# 'प्रतिस्पर्धाको छुट्टै कानून चाहिन्छ'



बौद्धिक व्यक्तित्व एवं स्पष्ट र प्रखर वक्ताका रूपमा परिचित युवा उद्यमी राजेन्द्र खेतान प्रतिस्पर्धा कानूनलाई आर्थिक विकासको आवश्यक संयन्त्र मान्नु हुन्छ । प्रतिस्पर्धा ऐन संसदमा प्रस्तुत भइसकेको वर्तमान सन्दर्भमा यो कानूनको आवश्यकताका सम्बन्धमा उहाँसँग गरिएको कुराकानीको सार संक्षेप–

***एउटा सफल उद्यमीको रुपमा यहाँले स्वच्छ प्रतिस्पर्धालाई कसरी बुझ्नु हुन्छ र यसको आवश्यकतालाई कसरी हेर्नु भएको छ ?***

व्यापार-व्यवसायीहरूको बीचमा स्वस्थ्य प्रतिस्पर्धा हुनु, उपभोक्ताले प्रतिस्पर्धी मूल्यमा गुणस्तरिय सेवा र वस्तु प्राप्त गर्न सक्ने अवस्था नै मेरो विचारमा प्रतिस्पर्धा हो । यस्तो बजारमा उत्पादक वा विक्रेताले आफ्ना सेवा तथा वस्तुको गुणस्तरमा वृद्धि र मूल्यमा कमी ल्याई उपभोक्तालाई आकर्षण गर्न प्रयासरत हुनुपर्ने हुन्छ, अन्यथा बजारबाट विस्थापित हुनुपर्ने हुन्छ । त्यसैले उनीहरूलाई निरन्तर रुपमा आफ्नो क्षमता अभिवृद्धिका लागि प्रयासरत रहनका लागि प्रतिस्पर्धाले उत्प्रेरित गरिरहेको हुन्छ ।

***बजारमा स्वच्छ प्रतिस्पर्धा कायम हुँदा के व्यापार-व्यवसायीहरूको हित हुन्छ ?***

अवश्य पनि स्वच्छ प्रतिस्पर्धाले कार्टेलिङ वा मूल्य तलमाथि गर्ने, एकाधिकारपूर्ण मूल्य निर्धारण गर्ने वा एउटा समूह बनाएर गुणस्तरहीन-कमसल सामान बनाउने, एउटा कम्पनीले अर्को कम्पनी डुबाउने जस्ता अनुचित क्रियाकलापहरूलाई अन्त्य गर्न तथा प्रभुत्वशाली हैसियत दुरुपयोग गर्ने जस्ता प्रवृत्तिहरूलाई दुरुत्साहित गर्न सहयोग पुऱ्याउने हुँदा यसले स्वच्छ व्यवसायीको हित गर्दछ । यी सबैका लागि प्रभावकारी कानून भने आवश्यक हुन्छ ।

***यहाँको अनुभवमा नेपालमा प्रतिस्पर्धाको वातावरण कस्तो छ र अन्तर्राष्ट्रिय परिवेशमा यसलाई कसरी बुझ्नुपर्छ भन्ने लाग्छ ?***

नेपाल पौराणिक कालदेखि नै एउटा आवश्यकता र त्यो आपूर्तिमा सीमित भई सञ्चालित बजार भएको हुँदा आफैमा एउटा प्रतिस्पर्धी बजार निश्चय पनि होइन । तथापि वर्तमान परिप्रेक्ष्यमा यसलाई क्रमश: प्रतिस्पर्धी बनाउँदै लग्ने र नियमनको दायरामा ल्याउने प्रयास भने गर्नुपर्दछ । एकाधिकारपूर्णरूपमा कसैलाई पनि व्यापार गर्ने वातावरण सिर्जना गर्न दिनु हुँदैन । यस परिप्रेक्ष्यमा विश्व व्यापार संगठनले प्रतिपादन गरेका सिद्धान्तहरूका आधारमा नेपालले आफ्नो कानून, व्यापारिक प्रणाली र व्यापारलाई समायोजन गरेर लैजानुपर्छ भन्ने हाम्रो सोचाइ हो ।

***हाम्रो व्यापार व्यवसायलाई अन्तर्राष्ट्रिय स्तरमा खरो उतार्न प्रतिस्पर्धा कानून चाहिन्छ भन्न खोज्नुभएको हो ?***

हो । अब त प्रतिस्पर्धा कानून, प्रतिस्पर्धात्मक क्षमताको विकास र प्रतिस्पर्धी भएर खरो उत्रिएन भने व्यापार गर्न गाह्रो छ । यो कानून हाम्रो व्यापार व्यवसायलाई राष्ट्रिय रुपमा मात्र नभई अन्तर्राष्ट्रिय रुपमा खरो उत्रनको लागि पनि आवश्यक भइसकेको छ ।

***अहिलेसम्म त हामीसँग प्रतिस्पर्धा कानून छैन नि ?***

अहिले त छैन, तर व्यापारको माध्यमबाट विकास गर्ने चाहना राख्ने हो भने अन्तर्राष्ट्रिय रुपमा मान्य प्रतिस्पर्धाका सिद्धान्तलाई आत्मसात् गरी उत्कृष्ट कानून ल्याउने कार्यमा ढिलाई गर्न हुँदैन ।

***अहिले नेपालमा प्रतिस्पर्धा कानून वा प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोगी हुन सक्ने कानून छैन त ?***

प्रतिस्पर्धा कानून भन्नु र प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोग हुने कानून भन्नु दुई भिन्न कुरा हुन् । अहिले नेपालमा प्रतिस्पर्धा कानून छैन र केवल प्रतिस्पर्धा प्रवर्द्धनमा सहयोगी हुन सक्ने कालो बजार ऐन, औषधि ऐन, खाद्य ऐन, उपभोक्ता संरक्षण जस्ता केही ऐनहरू मात्र छन् जसले प्रतिस्पर्धा ऐनले गर्ने काम गर्नसक्दैन ।

***उसोभए छुट्टै प्रतिस्पर्धा ऐनले त्यस्तो के काम गर्दछ जुन अन्य कानूनले गर्न सक्दैन ?***

प्रतिस्पर्धा कानूनले उपभोक्ता र उद्यमी-व्यवसायी दुवैको हितलाई ख्यालमा राखेको हुन्छ । प्रतिस्पर्धा कानूनले बजारमा कुनै पनि किसिमका कैफियत र अस्वच्छ प्रतिस्पर्धालाई नियन्त्रण गर्छ । बजारलाई खुला छोड्दा त्यहाँ विकृति नआओस्, गलत ढंगबाट स्वच्छ उद्यमी व्यवसायीको अहित हुने कार्य नहोस् र उपभोक्ताका अधिकारको पनि सम्मान होस् भन्ने प्रतिस्पर्धा कानूनको उद्देश्य रहेको हुन्छ । एकाधिकारको नाममा कसैलाई पनि मूल्य र गुणस्तरमा जथाभावी गर्ने, डम्पिङ्ग गर्ने जस्ता कामबाट रोक्न सकिन्छ । खुला प्रतिस्पर्धा भएर प्रतिस्पर्धामा जानसक्ने वस्तुहरूले ठाउँ पाउँछन् । त्यसबाहेक विश्व व्यापारमा वृद्धि गर्न र अवसर प्राप्त गर्न तथा नेपालको बजार लगानीको लागि उपयुक्त छ भन्ने कुराको सुनिश्चितता लगानीकर्तालाई दिलाउन पनि यो कानूनको आवश्यकता रहेको छ ।

***हाम्रा व्यापारीहरू त्यस खालको स्वच्छ प्रतिस्पर्धाका लागि तयार छन् ?***

अहिलेसम्मको स्थिति समीक्षा गर्दा कतिपय परम्परागत सोचाइ राख्ने व्यापारी प्रतिस्पर्धी बजारमा जान तयार छैनन् कि भन्ने जस्तो देखिन्छ । बजारमा प्रचलित कार्टेलिङ, सिण्डिकेट आदि जस्ता गैरप्रतिस्पर्धात्मक क्रियाकलाप सञ्चालन गर्नु गलत हो भन्ने कुराको ज्ञानसम्म उनीहरूमा छैन । यस्ता व्यवसायीहरूका अतिरिक्त नेपालमा बैंकहरूमा विदेशी मुद्राको कारोबारमा समेत कार्टेलिङ छ । यो मानसिकताबाट बाहिर आई यथार्थता बुझ्न उनीहरूलाई अझै केही समय लाग्न सक्दछ । यस सन्दर्भमा यो कानूनले गलत काम गर्नेलाई खबरदारी गर्दछ र इमानदारको लागि त यो झन् प्रगति र उन्नति गर्न सहयोग पुऱ्याउने अस्त्र हो भन्ने बुझाउनु आवश्यक छ ।

***हाम्रो प्रतिस्पर्धा कानूनको स्वरुप कस्तो हुनुपर्छ ?***

मुख्य रुपमा प्रतिस्पर्धा कानूनको उद्देश्य व्यवसायीलाई खुला प्रतिस्पर्धात्मक वातावरण पाउनतर्फ केन्द्रित हुनुपर्दछ ।साथै उपभोक्ताले भयरहित वातावरण र कुनै प्रलोभनमा नपरिकन वस्तुहरू किन्न पाउनुपर्छ र त्यस्ता कुराहरूमा विवाद सिर्जना भए त्यसको निरुपण गर्न एउटा निश्चित संयन्त्र पनि कानूनमा व्यवस्था हुनुपर्छ । यसरी बन्ने निकाय अर्धन्यायिक र स्वतन्त्र निकाय हुनु आवश्यक छ । जसले विभिन्न मुद्दाहरूलाई फछ्र्यौट गरेर कानूनको मर्यादा र प्रतिस्पर्धाको भावनालाई कदर गर्दै न्याय दिन सकोस् । यदि अब ल्याइने प्रतिस्पर्धा कानून पनि सरकारी अधिकारी वरपर घुमिरहने हो भने त्यो कानूनको हविगत पनि उपभोक्ता हक हितका लागि भनेर ल्याइएका दर्जनौं सुप्त कानून भन्दा कुनै अर्थमा भिन्न हुँदैन । साथै यस कानूनले आफ्नो हैसियतको दुरुपयोग नगरेसम्म प्रभुत्वसाली हैसियत भएकै भरमा त्यसले अप्रतिस्पर्धी क्रियाकलाप सञ्चालन गर्छ भन्ने दृष्टिकोण राख्न नहुनेतर्फ पनि विचार पुऱ्याउनुपर्दछ ।

***अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?***

अहिले हाम्रो देशको परिप्रेक्ष्यमा मात्र कुरा गरिरहेका छौं । भोलिका दिनमा अन्तर्राष्ट्रियस्तरका कम्पनीहरू प्रवेश गरी कानूनको अभावमा अनुचित व्यापारिक क्रियाकलाप सञ्चालन गरी नेपालका साना ठूला सबै कम्पनीलाई धरासायी पार्न सक्ने सम्भावना प्रति पनि हामी सचेत हुनु आवश्यक छ । यो कुरालाई मनन गरी नेपालका उद्योग व्यवसायहरूको संरक्षण विकास गर्ने र त्यसमा वाधा नपुऱ्याउने तथा उपभोक्ताको अधिकारको संरक्षण गर्ने लक्ष्य सहितको कानून ल्याउनेतर्फ हामी सबैले सजग हुनु आवश्यक छ । यसका लागि हामी उद्यमी-व्यवसायीलगायत सबै सरोकारवालाहरू खास गरेर उपभोक्ता जागरुक भएर आ-आफ्नो स्थानबाट समय रहँदै इमान्दारीपूर्वक प्रयास गर्नु पर्ने आवश्यकता छ भन्ने मलाई लाग्दछ । ■

# भारतमा प्रतिस्पर्धासम्बन्धी नयाँ कानून

**उपभोक्ता मात्र नभई ईमान्दार उद्यमी व्यवसायीको हकहितका लागि प्रचलित कानून अपर्याप्त भएको ठहर गरी भारतमा प्रतिस्पर्धा ऐन,२००२ ल्याइएको छ, जसलाई चरणवद्ध रूपमा लागू गरिने योजना रहेको छ ।**

भारतले कम्पनी एकीकरण र विलयमा नियन्त्रण गर्न, बजार आधिपत्यको दुरुपयोग गर्ने जस्ता गैर-प्रतिस्पर्धात्मक क्रियाकलाप रोक्न प्रचलित कानून अपर्याप्त भएको महसुस गरी प्रतिस्पर्धा ऐन, २००२ प्रस्ताव गरेको थियो ।

उपभोक्तालाई झुक्याएर, स्वच्छ प्रतिस्पर्धामा खलल पुऱ्याएर र बजार एकाधिकारको दुरुपयोगबाट गरिने बिक्री प्रवर्द्धन गैर-कानूनी क्रियाकलाप हुन् । यसले उपभोक्ता हितमा नकारात्मक असर पार्ने हुँदा भारत सरकारले यसको नियन्त्रणका लागि दुईवटा कानून लागू गरेको छ: एकाधिकार तथा अवाञ्छित व्यापार नियन्त्रण ऐन (एमआरटीपी), १९६९ र उपभोक्ता संरक्षण ऐन, १९८६ । तर, भारतको तीव्र औद्योगिकीकरण, आर्थिक वृद्धि र उपभोक्तामुखी प्रचलनसँगै बजारमा सिर्जना भएका कम्पनी एकीकरण र विलय, ठूलो बजार आधिपत्य लगायत गैर-प्रतिस्पर्धात्मक क्रियाकलाप रोक्न प्रचलित कानून अपर्याप्त भएको महसुस गरी हालै नयाँ ऐन प्रस्ताव गरिएको छ, त्यो हो प्रतिस्पर्धा ऐन, २००२ ।


एमआरटीपीअन्तर्गत पर्ने मुद्दाहरूमा कार्टेल, बजार प्रवर्द्धनका लागि गरिने मिलोमतो, बन्धनयुक्त बिक्री (बढी बिक्री हुने सामान किन्दा कम बिक्री हुने सामान पनि अनिवार्य रुपमा किन्नुपर्ने प्रावधान), खुद्रा बिक्रिका लागि उत्पादकहरूले तय गर्ने भौगोलिक क्षेत्र विभाजनजस्ता क्रियाकलाप पर्छन् । झूठो दावी गरेर उपभोक्तालाई भ्रममा पार्ने, गुणस्तर मापदण्ड उल्लंघन गर्ने तथा विनाआधार वस्तुको ग्यारेन्टी तोक्नेजस्ता अवाञ्छित व्यापारमा पनि यो ऐनले रोक लगाएको छ । उपभोक्ता अदालतले हेर्ने मुद्दाहरू पनि सामान्यतया यिनै हुन् । यस्ता अवाञ्छित कार्यलाई प्रश्रय दिने कम्पनीहरूले प्रतिस्पर्धालाई नै नकारात्मक असर पारेका हुँदा उपभोक्तामात्र होइन, ईमान्दार व्यवसायीसमेत पीडित छन् ।

एमआरटीपीले बजार एकाधिकार दुरुपयोग गर्दै गरिने यस्ता क्रियाकलापलाई गैर-कानूनी ठहर गरे पनि एकाधिकारकै सवालमा भने मौन छ । एमआरटीपीले नसमेटेका यस्तै मुद्दालाई सम्बोधन गर्दै प्रतिस्पर्धा ऐनले 'निर्धारितभन्दा ठूलो आकारको कम्पनी सञ्चालन गर्न प्रतिस्पर्धा आयोगको स्वीकृति लिनुपर्ने' व्यवस्था गरेको छ । हाल यो ऐन संसद्मा विचाराधीन रहेकाले कार्यान्वयनमा भने आइसकेको छैन ।









### भारतले गैर-प्रतिस्पर्धात्मक कार्यमा कसरी रोक लगाएको छ ?

भारतमा गैर-प्रतिस्पर्धात्मक क्रियाकलापमाथि छानविन गर्ने र नियन्त्रण गर्ने कार्य एमआरटीपी आयोगले गर्दै आएको छ । अवाञ्छित र गैर-कानूनी व्यापारका सन्दर्भमा यसले सम्बन्धित दोषीलाई त्यस्तो कार्य तत्काल बन्द गर्न 'खारेजी वा प्रतिबन्ध' आदेश जारी गर्छ । एकाधिकारपूर्ण व्यापारका सम्बन्धमा भने आयोग आफैंले कुनै आदेश दिन सक्दैन । यसले सम्पूर्ण बेहोरासहितको प्रतिवेदन केन्द्रीय सरकारलाई बुझाउँछ र त्यसपछि सरकारले नै आवश्यक छानविन र निर्णय गर्छ ।

### प्रतिस्पर्धा आयोगको भूमिका एमआरटीपीभन्दा कसरी फरक छ ?

प्रस्तावित ऐनअनुसार प्रतिस्पर्धा आयोगको न्यायिक कार्य सर्वोच्च अदालतले हेर्छ । त्यसैले, यो प्रतिस्पर्धाको पक्षमा वकालत गर्ने, जनचेतना अभिवृद्धि गर्ने र कानूनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निर्देशिका तयार पार्नमा संलग्न रहन्छ । प्रतिस्पर्धा आयोग कार्यान्वयनमा आएपछि यसले विशेष र पृथक वितरण विधि, बन्धनयुक्त बिक्रीजस्ता गैर-प्रतिस्पर्धात्मक कार्य नियन्त्रण गर्छ, जसलाई एमआरटीपी ऐनले समेत गैर-कानूनी व्यापारिक क्रियाकलापका रुपमा परिभाषित गरेको छ । यसले एमआरटीपी आयोगले जस्तै बजार एकाधिकार दुरुपयोग गर्दै कायम हुनसक्ने कृत्रिम मूल्यमा समेत अनुसन्धान गर्छ । कम्पनीहरूबीच हुने एकीकरण तथा विलय र त्यसले सिर्जना गर्ने बजार एकाधिकारको मुद्दामा पनि प्रतिस्पर्धा आयोगले छानबीन गरी रोक लगाउन सक्छ, जुन कार्य अहिले एमआरटीपी आयोगको अधिकारभित्र पर्दैन । त्यसैले, प्रतिस्पर्धा आयोग कार्यान्वयनमा आएपछि निर्धारितभन्दा ठूलो बजार हिस्सा ओगट्नेगरी हुने एकीकरण र विलयका लागि यसको पूर्वस्वीकृति लिनुपर्छ ।

### प्रतिस्पर्धा आयोग कार्यान्वयनमा आएपछि एमआरटीपी आयोग के हुन्छ ?

अवाञ्छित व्यापारिक क्रियाकलाप र एकाधिकारका आधारमा एमआरटीपी आयोगले हेर्ने मुद्दाको प्रकृति प्रतिस्पर्धा ऐनले समेट्ने क्षेत्रभन्दा अलिकति फरक छ । त्यसैले, प्रतिस्पर्धा आयोग लागू भएपछि पनि दुई वर्षका लागि एमआरटीपी आयोग जीवित रहनेछ । त्यसपछि भने एमआरटीपी आयोगमा निर्णय हुन बाँकी सबै मुद्दाहरू प्रस्तावित प्रतिस्पर्धा पुनरावेदन न्यायाधिकरण वा उपभोक्ता अदालतले हेर्न थाल्नेछन् । एमआरटीपी आयोगका कर्मचारीहरूलाई पनि प्रतिस्पर्धा आयोग वा न्यायाधिकरणमा सारिनेछ । अवाञ्छित व्यापारिक क्रियाकलापबाट पीडित उपभोक्तालाई भने त्यसपछि आफ्नो दैनिक समस्या सुनुवाईका लागि जाने एकमात्र ठाउँ उपभोक्ता अदालत हुनेछ, किनकि प्रतिस्पर्धा ऐनले यस्तो मुद्दाहरू हेर्दैन ।

### प्रतिस्पर्धा आयोगका संशोधन प्रस्तावहरू के/के हुन् ?

सरकारले सर्वोच्च अदालतको रायअनुसार यसै वर्षको प्रारम्भमा प्रतिस्पर्धा ऐनको संशोधन विधेयक संसद्मा पेस गरेको छ । यसले न्यायिक सदस्यहरूको पद र बेन्चबाट निर्णय लिने प्रक्रिया खारेज गर्न प्रस्ताव गरेको छ ।

प्रस्तावअनुसार प्रतिस्पर्धा आयोगलाई विज्ञहरूको एउटा समूहले नेतृत्व प्रदान गर्नेछ । यसमा विज्ञहरूको छनौट भारतका प्रधान न्यायाधीश वा उनका मनोनीत सदस्यको संयोजकत्वमा गठित समूहले गर्नेछ । यसैगरी, आयोगले कुनै पनि विवादमा मध्यस्थता गर्ने वा न्यायिक निर्णय सुनाउने व्यवस्थालाई संशोधन गरी 'खारेज वा प्रतिबन्ध' आदेशमात्र जारी गर्नसक्ने अधिकार दिइएको छ । आयोगको आदेशविरुद्ध प्रतिस्पर्धा पुनरावेदन न्यायाधिकरणमा पुनरावेदन गर्न सकिने प्रावधान राखिएको छ । यो न्यायाधीकरण सर्वोच्च अदालतका बहालवाला वा सेवानिवृत्त न्यायाधीश वा उच्च न्यायालयका प्रधान न्यायाधीशको अध्यक्षतामा रहने अर्धन्यायिक निकाय हुनेछ । ■

# स्वच्छ व्यापारका लागि प्रतिस्पर्धा कानून

नेपाल उद्योग परिसंघ (सिएनआई) र सावती ले संयुक्त रुपमा २०६३ असार ६ गते स्वच्छ व्यापारका लागि प्रतिस्पर्धा कानून विषयक गोष्ठीको आयोजना गरेको थियो। वर्तमान अवस्थामा प्रतिस्पर्धा कानून बजारको समुचित व्यवस्थापन र उपभोक्ता तथा उद्यमीको हितको लागि अपरिहार्य भएको कारणले यो कानून अविलम्व जारी हुन पर्दछ भन्ने विचार कार्यक्रमका सहभागीहरूले व्यक्त गर्नु भएको थियो।

नेपाल उद्योग परिसंघका तत्कालीन उपाध्यक्ष राजेन्द्र खेतानले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै अन्तर्राष्ट्रिय बजारमा आफूलाई स्थापित गर्नका लागि देशको अर्थतन्त्र र आन्तरिक नीतिहरूलाई विश्व परिवेश अनुसार समय सापेक्ष बनाउँदै लैजान सकेमा मात्र समग्र राष्ट्रको आर्थिक विकास हुने कुरा व्यक्त गर्नुभयो। उहाँले अहिलेको परिवेशमा उपभोक्ताको हकहित संरक्षण गर्न तथा राष्ट्रका उद्योगधन्दालाई संरक्षण र प्रवर्द्धन गर्न प्रतिस्पर्धा कानूनको तर्जुमा शिघ्र हुनुपर्ने कुरामा दुईमत नरहेको धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा बोल्दै सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले विश्व व्यापार संगठनको सदस्यताबाट प्राप्त हुने फाइदाहरू सुनिश्चित गर्न र सदस्यताबाट सिर्जित अवसर तथा चुनौती दुवैको विश्लेषण गरी उपयुक्त प्रतिस्पर्धा कानून ल्याइनुपर्ने कुरामा जोड दिनुभयो। नयाँ परिवेशमा स्वदेशी उद्योगले अन्तर्राष्ट्रिय उद्योगहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने र तिनीहरूले गैरप्रतिस्पर्धात्मक क्रियाकलापमा




संलग्न भई स्वदेशी उद्योगलाई धराशायी पार्नसक्ने कारण यस्ता गतिविधिलाई रोक्न पनि प्रतिस्पर्धा कानूनको आवश्यकता भएको विचार व्यक्त गर्नभयो। डा. पाण्डेले प्रतिस्पर्धा कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचनाका रुपमा निष्पक्ष आयोगको आवश्यकता भएको बताउनुभयो।

सो कार्यक्रममा सावतीका अनुसन्धान निर्देशक डा. हेमन्त दवाडी र नेपाल बार एशोसिएशनका केन्द्रीय सदस्य अधिवक्ता टिकाराम भट्टराईले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। अन्तरक्रिया कार्यक्रममा मा. दीपकुमार उपाध्याय, मा. डिल्लिराज खनाल, उद्योगपति जगदिश प्रसाद अग्रवाल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव इन्द्र उपाध्याय, नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष विजय घिमिरे, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्मा तथा नेपाल उद्योग परिसंघका अध्यक्ष उद्योगपति विनोद चौधरीले छलफलकर्ता एवं विशेष वक्ताको रुपमा आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

उद्यमी व्यवसायी, कानून व्यवसायी, नेपाल सरकारका पदाधिकारी, पत्रकार तथा उपभोक्ता हकहितका लागि कार्य गर्ने संस्थाका प्रतिनिधि सहित लगभग ७० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा सहभागीहरूले प्रतिस्पर्धा कानूनको आवश्यकता रहेको र सो कानूनको तर्जुमा गर्दा उद्यमी व्यवसायीको हित सहित आम उपभोक्ताहरूको हितलाई पनि ध्यानमा राखेर मात्र तर्जुमा गरिनु पर्ने धारणा व्यक्त गर्नुभएको थियो।■

# प्रतिस्पर्धा कानूनको अपरिहार्यता

नेपाल सरकारले प्रतिस्पर्धा प्रवर्द्धन बजार संरक्षण व्यवस्था गर्ने उद्देश्यले संसदसमक्ष छलफलको लागि प्रतिस्पर्धा कानून विधेयक प्रस्तुत गरेको सन्दर्भमा माननीय सांसदहरूसँग छलफल गर्ने उद्देश्यले उपभोक्ता हित संरक्षण मञ्च र सावतीले संयुक्त रुपमा २० श्रावण २०६३ मा प्रतिस्पर्धा कानूनको अपरिहार्यता विषेयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो।

कार्यक्रममा **प्रतिस्पर्धा**का विविध पक्ष खास गरेर प्रस्तावित कानूनको प्रावधान र यसमा भएका कमी कमजोरी र समावेश हुनै पर्ने आवश्यक पक्षका सम्बन्धमा छलफल गरिएको थियो। अन्तरक्रिया कार्यक्रममा विशेषज्ञहरूबाट विभिन्न विषयमा गरी जम्मा चार कार्यपत्रहरू प्रस्तुत गरिएका थिए। जसमा सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले "प्रतिस्पर्धा कानून किन र कसका लागि", अधिवक्ता ज्योति वानियाले "उपभोक्ता संरक्षणमा प्रतिस्पर्धा कानून", विषयक कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो। त्यसै गरी युवा उद्यमी परिषद्का अध्यक्ष राजेन्द्र खेतानले "निजी क्षेत्रका लागि प्रतिस्पर्धा कानून" तथा नेपाल बार एशोसिएसनका कार्यकारी सदस्य अधिवक्ता टिकाराम भट्टराईले "प्रतिस्पर्धा कानूनको स्वरुप" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

विभिन्न क्षेत्रलाई प्रतिनिधित्व गर्नु हुने करिब ६० जना सहभागी रहेको उक्त अन्तरक्रिया कार्यक्रममा संसदमा प्रतिनिधित्व गर्ने विभिन्न राजनैतिक दलका सांसदहरूको उल्लेख्य उपस्थिति थियो। छलफल कार्यक्रममा आ-आफ्नो धारणा राख्ने क्रममा विभिन्न राजनैतिक दलका प्रमुख सचेतक र सांसदहरूले हाल प्रतिनिधि सभामा प्रस्तुत गरिएको प्रतिस्पर्धा कानूनसम्बन्धी विधेयक अपूर्ण र प्रशस्तै त्रुटी रहेकोले यसमा आमुल परिवर्तन गरिनु पर्ने धारणा राख्नु भएको थियो। छलफलको क्रममा सांसदहरूले अब उद्यमी, व्यवसायी तथा उपभोक्ताहरूको हक हितको संरक्षणमा सहयोगी हुनसक्ने कानून निर्माण गर्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि रहनु भएका प्रतिनिधि सभाका सभामुख सम्माननीय सुवास चन्द्र नेम्वाडले प्रस्तुत विधेयकले प्रतिस्पर्धाको सामान्य सिद्धान्तलाई आत्मसात् गर्न नसकेको र यसमा कानून कार्यान्वयन गर्ने प्रभावकारी निकायको अभाव रहनुका साथै अन्य धेरै कमी कमजोरीहरू रहेको विचार व्यक्त गर्नुभयो। विधेयकमा देखिएका कमी कमजोरीका सम्बन्धमा संसदका सम्बन्धित समितिमा विस्तृत अध्ययन गरी सांसदहरूलगायत सरोकारवाला र विशेषज्ञहरू




समेतको राय सुझाव संकलन गरी आवश्यक संशोधन पश्चात् मात्र विधेयकलाई पूर्णता दिइनु पर्ने धारणा उहाँले राख्नुभयो। यस प्रक्रियाका लागि आफ्नो तर्फबाट यथासक्य पहल गरिने प्रतिबद्धता समेत उहाँले व्यक्त गर्नुभयो। ■

# प्रभावकारी कानूनको खाँचो

## स्वायत्त र अर्ध-न्यायिक अधिकारसहितको प्रतिस्पर्धा आयोग गठन गर्नुपर्छ । अन्यथा, प्रतिस्पर्धा कानूनको हविगत पनि उपभोक्ता संरक्षण ऐनभन्दा बढी हुने छैन ।

• **सुदीप श्रेष्ठ** •




**प्रतिस्पर्धा** भनेपछि त्यसलाई नियमन किन गर्नुपर्‍यो ? खुला बजार अर्थतन्त्रको सुन्दरता भनेको यसका गल्ती र कमजोरीलाई बजार संयन्त्रले नै सच्याउँछ भन्ने होइन र ? यस्ता प्रश्नहरूको जवाफका लागि विभिन्न वस्तु र सेवाको बजारमा हाम्रा पछिल्ला अनुभव हेरौं:

• यही साउनदेखि तयारी चाउचाउमा अन्त:शुल्क लागेपछि सम्बन्धित उद्योगहरूले त्यसको विरोधमा उत्पादन र बिक्री वितरण एकसाथ बन्द गरे । अन्त:शुल्कका कारण करिब २५ प्रतिशतसम्म भाउ बढ्ने तिनको दाबी भएता पनि एक प्याकेट चाउचाउमा थपिने लागत एक रुपैयाँभन्दा कम हुन्छ भनेर कति व्यक्तिहरूले टिप्पणी गरेका छन् । रेडियो, टेलिभिजन र पत्रपत्रिकामा वर्सेनि करोडौंको विज्ञापन गर्ने चाउचाउ उद्योगका लागि यो अतिरिक्त लागत आफैं बेहोर्नु ठूलो कुरा होइन । तर, एकसाथ उद्योग बन्द गर्ने निर्णयले बाहिरबाट देखिने प्रतिस्पर्धाले मात्र उपभोक्ता लाभान्वित हुन सक्दैन भन्ने उदाहरण प्रस्तुत भएको छ ।

• यातायात सेवा पूर्ण रुपमा निजी क्षेत्रको हातमा छ । तर, पोखरा, भैरहवा, नेपालगञ्जलगायत पश्चिमी रूटमा अझै उपभोक्ताले छनौटअनुसार गाडी चढ्न पाएका छैनन् । यहाँको सिन्डिकेट प्रथाबाट सेवामात्र होइन, भाडादरमा पनि स्वच्छ प्रतिस्पर्धा छैन । झन्डै समान दूरीको वीरगञ्ज र भैरहवाको भाडा तुलना गर्दा भैरहवा जाने उपभोक्ताले बढी पैसा तिर्नुपर्छ । स्वतन्त्र रुपमा चलाइएका गाडी या बीचैमा रोकिन्छन् या उनीहरूको सेवामा अवरोध खडा गरिन्छ ।

• वित्तीय क्षेत्र उदारीकरणपछि वाणिज्य बैंकहरूको संख्या जति बढे पनि त्यसको दायरा शहरी क्षेत्रमै सीमित छ । ग्रामीण क्षेत्रका जनताले आजसम्म सहज र सुलभ बैंकिङ सेवा पाएका छैनन् । मुलुकभर विभिन्न वाणिज्य बैंकका ४ सय शाखाभन्दा बढी शाखा छन् । यसमध्ये सरकारी र अर्ध-सरकारी स्वामित्वका बैंकको हिसाब नगर्ने हो भने अधिकांश शाखा शहरमै भेटिन्छन् । बैंकहरूले कुन क्षेत्रका बासिन्दालाई बैंकिङ सेवाको बढी आवश्यकता छ भनी अध्ययन-अनुसन्धान गरेर भन्दा कहाँ जाँदा अत्यधिक प्रतिफल हासिल गर्न सकिन्छ भनी शाखा विस्तार गर्ने प्रचलन छ । नेपाल राष्ट्र बैंकले प्राथमिकता क्षेत्र तथा विपन्न वर्गतर्फ निश्चित परिमाणमा कर्जा प्रवाह गर्न दिएको निर्देशन पनि कार्यान्वयन हुन सकेको छैन ।

उदार अर्थतन्त्रको डेढ दशक लामो यात्रा पार गरिसक्दा पनि सिण्डिकेट, कार्टेल, संयुक्त मूल्य निर्धारणजस्ता गैर-प्रतिस्पर्धात्मक क्रियाकलाप कायम रहनुको कारण के हो ? पश्चिमी मुलुकहरूले जस्तो उदारीकरण र स्वच्छ प्रतिस्पर्धाको फाइदा उपभोक्तास्तरसम्म पुर्‍याउन हामी किन असफल भयौं ?

उत्तर स्पष्ट छ, प्रतिस्पर्धा नियमनका लागि प्रभावकारी कानूनी संयन्त्रको अभाव । पश्चिमी देशमा बजार प्रतिस्पर्धाले मात्र उपभोक्ता लाभान्वित भएका होइनन्, त्यसलाई नियमन गर्ने कडा कानूनी संयन्त्र र त्यसको प्रभावकारी कार्यान्वयनको महत्वपूर्ण हात छ ।

प्रतिस्पर्धाको यो अवधारणालाई व्यक्तिको चरित्र र सामाजिक संरचनासँग दाँजेर हेर्न सकिन्छ । कोही पनि व्यक्ति आफैंमा पूर्ण हुँदैन । विभिन्न लोभ, लालचमा परेर ऊ आपराधिक क्रियाकलापमा होमिनसक्छ । त्यसैले, जतिसुकै शिक्षित र आदर्श समाजमा पनि नियम, कानून भएता पनि त्यसको कार्यान्वयनका लागि प्रहरी, प्रशासनको संरचना खडा गरिएको हुन्छ । बजारमा वस्तु वा सेवाको उत्पादन र बिक्री वितरण गर्ने कम्पनी तथा प्रतिष्ठान पनि यही सामाजिक संरचनाकै अङ्ग हुन् । उनीहरूबाट गल्ती हुनसक्छ, उनीहरूले पनि अत्यधिक मुनाफाका लागि आमजनताको हितविपरीत काम गर्न सक्छन् र त्यस्ता गतिविधिलाई नियन्त्रण गरी स्वच्छ प्रतिस्पर्धा कायम राख्न प्रहरी-प्रशासनको आवश्यकता पर्छ ।

हामीकहाँ उपभोक्ता हितका लागि बनेका ऐन-कानूनहरूले स्वच्छ प्रतिस्पर्धा र उपभोक्ता अधिकारका लागि सामान्य परिभाषा कोर्नेबाहेक अरू केही गरेको छैन । हालै संसद्मा छलफलका लागि पेश भएको 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०६३' ले प्रतिस्पर्धा प्रवर्द्धनका लागि केही वृहत् खाका कोरे पनि प्रभावकारी नियमन संयन्त्रका सवालमा भने पूरै चुकेको छ । जुन कमजोरीले गर्दा हामीले आजसम्म प्रतिस्पर्धाको वास्तविक प्रतिफल पाउन सकेनौं र देशमा स्वच्छ प्रतिस्पर्धात्मक संस्कारको विकास हुन सकेन, त्यही कमजोरी प्रस्तावित विधेयकमा पनि छ ।

कार्यान्वयनका नाममा 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण बोर्ड' गठनको प्रावधान राखिए पनि त्यसमा पूर्ण सरकारी स्वामित्व रहने व्यवस्था गरिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति सचिवको अध्यक्षतामा गठन हुने बोर्डमा दुईजना सरकारी अधिकारी र एकजना सरकारद्वारा मनोनीत सदस्य रहनेछन् । बोर्डमा एकजना मात्र स्वतन्त्र प्रतिनिधि छ, त्यो पनि उद्योग वाणिज्य क्षेत्रबाटै । यी प्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रको प्रतिनिधित्व गर्दै सरकारी र निजी क्षेत्रको स्वार्थलाई मात्र बोर्डमा उठाउनेछन् । उपभोक्ता सरोकारका विषयमा यसले वकालत गर्ने र गैर-प्रतिस्पर्धात्मक क्रियाकलापमा अंकुश लगाउने कुनै गुञ्जायस देखिँदैन । बोर्डमा अर्ध-न्यायिक अधिकार नभएकाले यसले दोषीलाई कारबाही गर्न सक्दैन । यसको काम सरकारलाई सुझाव दिने, जनचेतना फैलाउने, समन्वय गर्ने, बजार अनुसन्धान लगायतमै सीमित छ ।

यदि विधेयक यही स्वरुपमा पारित हुने हो भने हामीले प्रतिस्पर्धाको लक्षित प्रतिफल प्राप्त गर्न सक्दैनौं । त्यसैले, स्वायत्त र अर्ध-न्यायिक अधिकारसहितको प्रतिस्पर्धा आयोग गठन गर्नेतर्फ संसद्ले विचार पुर्‍याउनुपर्छ । अन्यथा, यो कानूनको हविगत पनि उपभोक्ता संरक्षण ऐनभन्दा बढी हुने छैन । ■

*(लेखक कान्तिपुर दैनिकसँग आबद्ध हुनुहुन्छ ।)*

**सावतीको स्थापना १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरुको संयुक्त प्रयासबाट भएको हो । सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसँग सम्बन्धित विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले खडा भएको दक्षिण एशियाली क्षेत्रीय सञ्जाल हो । दक्षिण एशियाका ११ वटा संस्थाहरु सदस्य रहेको सावतीले प्रतिस्पर्धा नीति तथा कानूनका विषयमा समेत अनुसन्धान र वकालत गर्दै आएको छ ।**

यो समाचारपत्र सावतीद्वारा प्रतिस्पर्धा शिक्षण तथा जागरण कार्यक्रमअन्तर्गत बेलायती अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी) को सहयोगमा प्रकाशित गरिएको हो । यसमा प्रकाशित लेखहरुका विचार तथा मान्यता लेखककै हुन् ।
सल्लाहकारः नवीन दाहाल, प्रेसः मोडर्न प्रिन्टिङ प्रेस, सम्पादकःअधिवक्ता ध्रुवेशचन्द्र रेग्मी सह-सम्पादकः निलु थापा

पो.ब.नं. १९३६६, २५४ लम्टङ्गीनमार्ग, बालुवाटार, काठमाडौं, नेपाल, फोनः ४४१५८२४, ४४४४४३८, फ्याक्सः ४४४४५७०, ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org